कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

प.सं./Ref. No.
च.नं.

Agriculture and Forestry University
**Faculty of Agriculture**
Office of the Dean
Rampur, Chitwan, Nepal

मिति/Date: ..........................

मिति : २०७८/०९/२३

कृषि स्नातकोत्तर तहको विद्यार्थी भर्ना सम्बन्धी संशोधित

# सूचना

शैक्षिक सत्र २०७८/०७९ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय,कृषि संकाय, रामपुर, चितवनमा संचालन हुने कृषि स्नातकोत्तर (M.Sc.Ag./ M.Sc.Ag.Biotechnology) तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ। उक्त तहको भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ। आवेदकले Online आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ। साथै नेपाल सरकारबाट स्थापित विश्वविद्यालय तथा शैक्षिक संस्था बाहेक अन्य विश्वविद्यालयबाट एस.एल.सी., प्रविणता प्रमाणपत्र तह, स्नातक तह वा सो सरह उर्त्तीण भएका आवेदकहरुले समानस्तर निर्धारणको प्रमाणपत्र र मुल प्रमाणपत्र (Certificte) वा अस्थायी प्रमाणपत्र (Provisional) को प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :**
कृषि स्नातकोत्तर (M.Sc.Ag. /M.Sc.Ag.Biotechnology) को लागि कृषि स्नातक (B.Sc.Ag.) वा सो सरहको परीक्षा उर्त्तीण गरेको साथै न्यूनतम Schooling १६ वर्ष हुनुपर्नेछ। यदि आवेदन फाराम भर्ने अन्तिम मितिसम्म आवेदकको ट्रान्सक्रिप्ट नआएको खण्डमा निज आवेदकले आफू स्नातक अध्ययन गरेको शैक्षिक संस्थाबाट सम्पूर्ण परीक्षाहरु दिईसकेको र रिजल्ट मात्रै प्रकाशन हुन बाँकी रहेको सिफारिसपत्र पेश गरेमा पनि फाराम भर्न र प्रवेश परिक्षामा समावेश हुन पाईनेछ। तर आवेदकले प्रवेश परीक्षा उर्त्तीण भए पश्चात् २०७८ माघ १२ गते कार्यालय समयभित्र यस संकायको शैक्षिक प्रशासन शाखामा ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि बुझाउनुपर्नेछ। अन्यथा उक्त आवेदकलाई प्रवेश परिक्षाको नतिजामा पास भएतापनि मेरिट लिष्ट प्रकाशनको प्रकृयामा सहभागी गराइने छैन। र यस सम्बन्धीको मन्जुरीनामा प्रवेश परीक्षा संचालन अगावै सम्बन्धित आवेदकसँग हस्ताक्षर गराई लिईनेछ।

**२) आवेदन फाराम शुल्क रु.३५००/(तीन हजार पाँचसय) मात्र लाग्नेछ।**
आवेदन फाराम र प्रवेश परीक्षाको जम्मा शुल्क तीन हजार पाँचसय मात्र सिदार्थ बैंक लिमिटेड, नारायणगढको AFU Entrance Examination नाममा रहेको Call Deposit No.00815263460 मा रकम जम्मा गर्नुपर्नेछ।

**३) आवेदन फाराम बुझाउने अवधिः**
मिति २०७८ पौष २ गतेदेखि ०७८ माघ ४ गते राती १२:०० बजेभित्र यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np बाट आवेदन फाराम भर्न सकिनेछ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजातहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर आदि नपुग भएमा नपुग कागजातहरु Online बाटै निर्धारित समयसम्म बुझाउनु पर्नेछ। अन्यथा बैंकमा जम्मा भएको रकम फिर्ता हुनेछैन।

टेलिफोन : +९७७-५६-५९११४१, ५२०६०२/फ्याक्सः +९७७-५६-५२०६०२, ५९१०२१
Tel.: +977-56-591141, 520602 / Fax : +977-56-520602, 591021
www.afu.edu.np

**५) प्रवेश परीक्षा हुने मिति, समय र स्थान :**
२०७८ माघ ७ गते बिहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

**६) प्रवेश पत्र वितरण मिति र स्थान :**
२०७८ माघ ७ गते बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन ।

| | |
|---|---|
| **७) प्रवेश परीक्षाको नतिजा प्रकाशन :** | २०७८ माघ ७ गते |
| **८) ट्रान्सक्रिप्ट बुझाउने अन्तिम मिति :** | २०७८ माघ १२ गते |
| **९) मेरिट लिष्ट प्रकाशन :** | २०७८ माघ १४ गते |
| **१०) भर्ना मिति :** | २०७८ माघ १७ गते |
| **११) Course Registration र कक्षा सुरु :** | २०७८ माघ १८ गते |

**१२) भर्नाको आधार :**
प्रवेश परीक्षाको प्राप्ताङ्कलाई शत प्रतिशत अंकभार दिईनेछ । सोको आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यताको क्रमानुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०प्रतिशत कायम गरिएको छ ।

१३) **M.Sc.Ag. /M.Sc. Ag.Biotechnology** तहको लागि स्नातक तहको पाठ्यक्रमबाट निम्न विषयहरुमा कुल १२० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा तीस(३०) मिनेटको हुनेछ । प्रवेश परीक्षामा समावेश हुने विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

क) बाली विज्ञान : १२
ख) बागवानी विज्ञान : १२
ग) माटो विज्ञान : १२
घ) कीट विज्ञान : १२
ङ) वाली प्रजनन : १२
च) वाली रोग विज्ञान : १२
छ) कृषि अर्थशास्त्र एवं कृषि व्यवसाय व्यवस्थापन : १२
ज) कृषि प्रसार एवं ग्रामिण समाजशास्त्र : १२
झ) कन्जरभेसन ईकोलोजी र कृषि तथ्याङ्कशास्त्र : १२
ञ) बायोकेमेस्ट्री र बायोटेक्नोलोजी : १२

१४) स्नातकोत्तर तह (M.Sc.Ag. /M.Sc.Ag.Biotechnology) मा अध्यापन गराईने विभिन्न विषयहरुमा तपशिलको संख्यामा जम्मा १२८ जना विद्यार्थी भर्ना लिईनेछ । उपरोक्त संख्या विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थाहरुबाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु र कृषि तथा वन विश्वविद्यालयबाट सिफारिस भई आउने व्यक्तिहरु उल्लेखित संख्याहरुमा समावेश गरिएको छैन । साथै मनोनयन तथा सिफारिस भई आउने व्यक्तिहरुले प्रवेश परिक्षामा सामेल हुन नपर्ने व्यहोरा जानकारी गराईन्छ ।

क) बाली विज्ञान : ०६
ख) वीड साईन्स : ०३
ग) सिड साईन्स एण्ड टेक्नोलोजी : ०३
घ) बागवानी विज्ञान : १४
ङ) माटो विज्ञान : ०९
च) कीट विज्ञान : ०९
छ) वाली प्रजनन् : १५
ज) वालीरोग विज्ञान : ०९
झ) कृषि अर्थशास्त्र : १६
ञ) कृषि व्यवसाय व्यवस्थापन :०६
ट) कृषि प्रसार : १२
ठ) ग्रामिण समाजशास्त्र : ०८
ड) कृषि वनस्पति तथा पर्यावरण संरक्षण : १२
ढ) जैविक प्रविधि : ०६

**१५) आवेदन फाराम बुझाउदा निम्न लिखित कागजातहरु क्रमबद्ध राखी बुझाउनुपर्नेछ ।**
क) सक्कल बैंक भौचर
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) एस.एल.सी. परीक्षाको लब्धाङ्कपत्र
घ) एस.एल.सी. परीक्षाको चारित्रिक प्रमाणपत्र

ङ) प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट
च) प्रमाणपत्र तहको चारित्रिक प्रमाणपत्र
छ) स्नातक तहको ट्रान्सक्रिप्ट
ज) स्नातक तहको चारित्रिक प्रमाणपत्र
झ) प्रमाणपत्र/स्नातक तहहरुको मुल/अस्थायी प्रमाणपत्र
ञ) समानस्तर निर्धारणको प्रमाणपत्र

१६) भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपिहरुको सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा बुझाउनुपर्नेछ । साथै भर्ना भएको विषय परिवर्तन गरिनेछैन ।

१७) कुनै विषयमा तीन जनाभन्दा कम विद्यार्थीहरु भर्ना भएमा सो विषयको अध्ययन अध्यापन नहुने व्यहोरा पनि जानकारी गराईन्छ ।

१८) अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेका र AFU बाट उत्तीर्ण भई Migration Certificate निकाली सकेका विद्यार्थीहरुले भर्ना भई AFU Registration गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपमा बुझाउनुपर्नेछ । यदि उक्त Migration Certificate नबुझाई AFU Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिनेछैन ।

१९) **Fee Structure** यस प्रकार हुनेछ ।

**M.Sc.Ag. :**

**Competitive Subsidized Student Fee (NRs.)**

Admission Fee : 15,750/(One time payment)
Semester Fee : 7,500/ Semester
Tuition Fee : 1,650/credit hr.(45credit)
Total Fee with minimum required credit hours : NRs.120,000/

**Competitive Full Pay Student Fee (NRs.)**

Admission Fee : 31,500/(One time payment)
Semester Fee : 15,000/ Semester
Tuition Fee : 3300/credit hr.(45credit)
Total Fee with minimum required credit hours : NRs.240,000/

**M.Sc.Ag. Biotechnology :**

**Competitive Full Pay Student Fee (NRs.)**

Admission Fee : 48,750/(One time payment)
Semester Fee : 19,500/ Semester
Tuition Fee : 3850/credit hr.(45credit)
Total Fee with minimum required credit hours : NRs.300,000/

**<u>नोट :</u>**

- अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेका र AFU बाट उत्तीर्ण भई Migration Certificate निकालीसकेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय दर्ता शुल्क बापत थप रु.७५०। तिर्नुपर्ने छ ।

- माथि उल्लेखित शुल्कमा सेमेष्टर परिक्षाको शुल्क समावेश गरिएको छैन ।
- हरेक विषयमा **Competitive Subsidized** शुल्कमा भर्ना हुन सक्ने विद्यार्थी सख्या २ कायम गरिएको छ तर यो व्यवस्था **M.Sc.Ag. Biotechnology** विषयमा लागु हुने छैन ।

डीन
कृषि संकाय